पाणिनी गाउँपालिका
Panini Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

W744 QGC
9857086520
दुर्गाफाँट, अर्घाखाँची
Durgaphant, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प.सं./Letter No.: ०८१/०८२
च.नं./Ref. No.: —

## नदीजन्य पदार्थको बिक्रीका लागि शिलबन्दी बोलपत्र आव्हानको सूचना।

**दोस्रो पटक प्रकाशन मितिः २०८१/१०/०८ गते**

स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ६४ १(च) मा भएको व्यवस्था, नेपाल सरकारको ढुङ्गा, गिट्टि, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, लुम्बिनी प्रदेश सरकार नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ तथा पाणिनी गाउँपालिकाको स्वीकृत सार्वजनिक खरीद नियमावली, २०७७ बमोजिम पाणिनी गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने (स्वीकृत खानी क्षेत्र बाहेक) तपशिलमा उल्लेखित खोला/नदी/खहरेहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी प्रदेश सरकार, लुम्बिनी प्रदेशले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०८०/०८१ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| क्र.सं | सूचना नं. | विवरण | उत्खनन् परिमाण (वार्षिक) घन. मि. | न्यूनतम बोलपत्र रकम रु. (सेवा शुल्क र मू.अ.कर बाहेक) | बोलपत्र जमानत (धरौटी रकम) | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | PRM/A/ 02-081/082 | पाणिनी-८ स्थित बाँगी खोलाका विभिन्न बगर क्षेत्र | २०१३.३ | ४,२६,५९५/- | कबोल अंकको ५ % ले हुने रकम | १,०००/- |
| २. | PRM/A/ 03-081/082 | पाणिनी-८ स्थित सौर्य खोलाका विभिन्न बगर क्षेत्र | ८००५.५ | १६,९६,२७०/- | | १,०००/- |
| ३. | PRM/A/ 04-081/082 | पाणिनी-३ र ८ स्थित दुर्गा खोलाका विभिन्न बगर क्षेत्र | ८७७.५ | १,८५,९३२/- | | १,०००/- |
| ४. | PRM/A/ 05-081/082 | पाणिनी-३ र ८ स्थित वाग्ले खोलाका विभिन्न बगर क्षेत्र | ७४२.५ | १,५७,३२८/- | | १,०००/- |
| ५. | PRM/A/ 06-081/082 | पाणिनी-३ स्थित सुनटिकी पहिरो | ३६० | ७६,२८०/- | | १,०००/- |

रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

W744 QGC
9857086520
दुर्गाफाँट, अर्घाखाँची
Durgaphant, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प.सं./Letter No.:
च.नं./Ref. No.:

**ठेक्का सम्बन्धी शर्तहरुः**

१- बोलपत्र फारम दस्तुर बापत यस कार्यालयको राजस्व शाखाबाट माथि उल्लिखित रकम फिर्ता नहुने गरी प्रत्येक सूचनाको लागि छुट्टाछुट्टै खरीद गर्न सकिनेछ साथै नगद जम्मा गरेको नगद रसिद साथ निवेदन पेश गरी लुम्बिनी प्रदेश सरकार नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ७ को उपदफा २ बमोजिम यो सूचना प्रकाशन भएको मितिले ७ औं दिनको कार्यालय समयभित्र कार्यालयबाट शिलबन्दी बोलपत्र/दरभाउपत्र फारम खरिद गर्न सकिनेछ।

२- बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। कबोल गरेको अंकको ५% का दरले हुन आउने धरौटी रकम यस कार्यालयको ग्लोबल आइ.एम.ई. बैंक पोखराथोक शाखामा रहेको ग.३.१ पाणिनी गाउँपालिका धरौटी खाता नं. २१५०४०१००००००९ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी ९० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड शिलबन्दी खामसाथ पेश गर्नुपर्नेछ।

३- खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएको सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी शिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, सम्पर्क नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशन भएको मितिले ८ औं दिनको १२ बजेभित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नुपर्नेछ।

४- एक व्यक्ति, फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति, फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १: ०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन।

५- बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोहि पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६- बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ दिन भित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५०% ले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ। दोस्रो किस्ता वापतको ५०% ले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त क वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा कार्यालयले तोकेको समयसम्मको म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंक, सेवा शुल्क वापत् हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम र १.५% प्रतिशत T.D.S. रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनुपर्नेछ।

७- तोकीएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सन्चालन ऐन, २०७४, कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ।

८- ठेक्का अवधि सामान्यतया आ.व. ०८१/०८२ को जेठ मसान्तसम्म कायम रहनेछ। तर ठेक्कामा उक्त अवधि भन्दा अगावै तोकिएको परिमाणमा उत्खनन् गरेको खण्डमा उक्त अवधि कम पनि हुन सक्नेछ। साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हड्ताल आदीका कारण काम सूचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावी गर्न पाइने छैन।

९- उत्खनन् स्थलबाट अनिवार्य रुपमा स्वीकृत परिमाणको नदीजन्य पदार्थ घाटगद्धि गरी प्रमाणित गराई बिक्री गर्नु पर्नेछ। उत्खनन् स्थलमा उत्खननको क्रममा डोजर, स्काभेटर, लोडर जस्ता हेभी इक्यूमेन्ट गाउँपालिकाको अनुमति वेगर प्रयोग गर्न पाइने छैन।

१०- अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ।

.................
**रोमनाथ न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**

रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत